नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
योजना तथा अनुगमन महाशाखा
योजना,अनुगमन तथा मुल्याङ्कन शाखा
बबरमहल, काठमाडौं

फोन नं. ०१-५००५५२२
फ्याक्स नं. ०१-५५२९१०६
ईमेलः pmeu@dor.gov.np

पत्र संख्या : ०८१/८२
चलानी नं. : ४३६

मितिः२०८१-०८-१४

श्री **CEMECA- SLAB JV**
धोबीघाट, ललितपुर ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा यस शाखा प्रस्तावक रहेको **Contract ID: PMEU/3371594/075/76 /DPR-37** अन्तर्गतको रहफ- भैरवस्थान- अशारा- तुल्ता बेलखेत- दुलाकोडा- भानाकोट- कालिकोट हिल्सा चाइना सिमाना सडक(८९|५६८ कि. मि) खण्डको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनलाई श्री वन तथा वातावरण मन्त्रालयको मितिः २०८१/०८/१२ गतेको च. नं: ४५९ को पत्रानुसार वातारण संरक्षण नियेमावली, २०७७ को नियम ९ को उपनियम(६) बमोजिम कुनै एक राष्ट्रिय दैनिकमा प्रकाशन गरि सर्वसाधारण व्यक्ति वा संस्थाको राय सुझाव संकलनको लागि संलग्न सार्वजनिक सूचनामा तोकिएका स्थानहरुमा ७ दिनको लागि प्रतिवेदन सार्वजनिक गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय( सचिवस्तर) को मिति २०८१/०८/१० मा निर्णय भए बमोजिम आवश्यक कारबाही गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ । साथै सार्वजनिक सूचनाको प्रति यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दै संलग्न सार्वजनिक सुचनाको प्रति र प्रतिवेदन तोकिएको स्थानमा बुझाएको भरपाई तथा प्रकाशित सुचनाको सक्कल प्रति पेश गर्नु हुन समेत अनुरोध छ ।

तपसिलः

.....................
किरण पोखरेल
ईन्जिनियर

__बोधार्थः__

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानो ठिमी, भक्तपुर ।
श्री त्रिभुवन बिश्वविधालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामंगल, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट ।
श्री तुर्माखाँद गाउँपालिका, गाउँपालिकाको कार्यालय, अछाम ।
श्री कमलबजार नगरपालिका, नगरपालिकाको कार्यालय, अछाम ।
श्री पञ्चदेवल विनायक नगरपालिका, नगरपालिकाको कार्यालय, अछाम ।
श्री नरहरिनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अछाम ।
श्री सान्नी त्रिवेणी गाउन्पलिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट ।
श्री रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कलिकोट ।
श्री डिभिजन वन कार्यालय, अछाम ।
श्री डिभिजन वन कार्यालय, कलिकोट ।

योजना, अनुगमन तथा मूल्यांकन शाखा
दर्ता नं.PMES-81P:- 520
मितिः 081/08/13

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

वातावरण तथा जैविक विविधता महाशाखा

प.सं.:-२०८१/८२
च.नं.:-४५९

मितिः २०८१।०८।१२
नेपाल सम्वत् ११४५

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री सडक विभाग,
योजना अनुगमन तथा मूल्यांकन शाखा,
बबरमहल, काठमाडौं।

विषयः राय सुझावको लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा।

तहाँ प्रस्तावक रहेको कर्णाली प्रदेशको कालिकोट जिल्ला र सुदुरपश्चिम प्रदेशको अछाम जिल्लामा प्रस्तावित रहफ भैरवस्थान-अशरा-तुल्ता बेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८ कि.मि.) स्तरोन्नतिको प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकनको (EIA) प्रतिवेदनलाई वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम कुनै एक राष्ट्रिय दैनिकमा प्रकाशन गरी सर्वसाधारण व्यक्ति वा संस्थाको राय सुझाव संकलनको लागि संलग्न सार्वजनिक सूचनामा तोकिएको स्थानहरुमा ७ दिनको लागि प्रतिवेदन सार्वजनिक गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८१।०८।१० मा निर्णय भएको व्यहोरा जानकारी तथा आवश्यक कारबाहीको लागि अनुरोध गरिन्छ। साथै यसै पत्र साथ संलग्न सार्वजनिक सूचनाको प्रति र प्रतिवेदन तोकिएको स्थानमा बुझाएको भरपाई तथा प्रकाशित सूचनाको सक्कलै प्रति यस मन्त्रालयमा पेश गर्नु हुन समेत अनुरोध छ।

.........
(सिर्जना शाह)
वैज्ञानिक अधिकृत

कार्यालयको ठेगानाः सिंहदरबार, काठमाडौं
टेलिफोन नं.: ४२११५६७, ४२११६३७ ४२११५९९
फ्याक्स ४२११६८

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## कर्णाली प्रदेशको कालिकोट जिल्ला र सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा प्रस्तावित रहफ भैरवस्थान-अशरा-तुल्ता वेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८ कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको

## सार्वजनिक सूचना

प्रकाशित मिति २०८१।.....।...

प्रस्तावक श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखाद्वारा प्रस्तावित रहफ भैरवस्थान-अशरा-तुल्ता वेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८ कि.मि.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन प्राप्त भएको छ।

**आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/ गाउँपालिकाः**

| | |
|---|---|
| प्रभाव क्षेत्रमा पर्ने जिल्ला/न.पा./गा.पा. | सुदुरपश्चिम प्रदेश, अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका वडा नं. १, २, ३, ६ र ८, कमलबजार नगरपालिका वडा नं. ३, पञ्चदेवल विनायक नगरपालिका वडा नं. ४, ५, ८ र ९ कर्णाली प्रदेश, कालिकोट जिल्लाको नरहरिनाथ गाउँपालिका वडा नं. ८,१, सान्नी त्रिवेणी गाउँपालिका वडा नं. १,२,३,४ र रास्कोट नगरपालिका वडा नं. ६, ७, ८ र ९ |

प्रस्तावित सडक अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकाको रहफबाट सुरु भई कालिकोट जिल्लाको रास्कोट नगरपालिकाको बक्नर कोटीमा पुगेर अन्त्य हुने।यस सडकको फर्मेसन चौडाइ (सडक नाली सहित) १०.७ मि. रहने। हालको माटे सडकलाई चौडाइ वृद्धि र कालोपत्रे गरी सडकको स्तरोन्नति गरिने। प्रस्तावित सडकको क्षेत्राधिकार (Right of Way) ५० मि. (मध्य रेखा बाट दुवै तर्फ २५-२५ मि.) को रहेको जसमा ७ मि. को carriage way, १/१ मि. सोल्जर चौडाइ दुवै तर्फ प्रस्ताव गरिएको र सडकको design speed ३० कि.मि. प्रति घण्टा रहने।प्रस्तावित सडकको क्षेत्राधिकार भित्र कुल जम्मा ४१७.५ हे. र फर्मेशन विथमा (नाला सहित) कुल जम्मा ९२.०५ हे. जमिन र सडकको स्तरोन्नति गर्दा वृद्धि हुने चौडाइको लागि कुल ६५.१५ हे. आवश्यक पर्ने देखिन्छ। आयोजनाबाट ४२ घरधुरी प्रभावित हुने उल्लेख छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ।उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो लिखित रुपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरुः**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानो ठिमी, भक्तपुर।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामंगल, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, अछाम ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट।

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

श्री तुर्माखाँद गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अछाम।
श्री कमलबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम।
श्री पञ्चदेवल विनायक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम।
श्री नरहरिनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री सान्नी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कालिकोट।
श्री डिभिजन वन कार्यालय, अछाम।
श्री डिभिजन वन कार्यालय, कालिकोट।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा,
सिंहदरबार, काठमाण्डौ।
फो.नं., ०१-४२११५६७, ४२११९४६ फ्याक्सनं. ०१-४२११८६८
Email: - info@mofe.gov.np